




PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com



खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ असार ०८ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 22 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २९४


## ५३ दिनपछि वीरगंज बजार खुला

प्रस, वीरगंज, ७ असार/

पर्सा जिल्लामा निषेधाज्ञा जारी भएको ५३औं दिनपछि सोमवार ५४औं सार्वजनिक सवारीसाधनबाहेक जिल्लाभरि निजी सवारीसाधन निर्बाध सञ्चालनमा छन् । जिल्ला प्रशासन जारी गरेका छन् । सरकारी कार्यालय सञ्चालन भएको आज पहिलो दिन जिल्ला प्रशासन कार्यालयमा भीड नभए



जिल्ला प्रशासन कार्यालय र मालपोत कार्यालयमा सेवाग्राही तथा ५ बजेसम्म खुलेको वीरगंज बजार । तस्वीरः प्रतीक

दिनदेखि बजार पूर्णरूपमा सञ्चालनमा आएको छ ।

जिल्ला प्रशासन कार्यालय, पर्साका प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेले कोभिड सङ्कट व्यवस्थापन केन्द्रको सिफारिशमा असार १३ गतेसम्म निषेधाज्ञालाई निरन्तरता दिए पनि बजार बिहान १० देखि साँझ ५ बजेसम्म सञ्चालन गर्ने निर्णय गरेपछि आजदेखि बजार सञ्चालनमा आएको हो । वैशाख १६ गतेदेखि पर्सा जिल्लामा निरन्तररूपमा निषेधाज्ञा लम्बिँदै छ । निषेधाज्ञा जारी भएपनि वीरगंज महानगरबाहेक ग्रामीण क्षेत्रमा शुरूदेखि नै यसको असर फितलो रहँदै आएको थियो ।

ग्रामीण क्षेत्रमा सवारीसाधनबाहेक सबै सञ्चालनमा थिए । पछिल्लो चरणमा कार्यालय, पर्साले निजी सवारीसाधनमा सोमवारदेखि जोर–बिजोर प्रणाली लागू गरे पनि मोटरसाइकल सञ्चालनमा छुट दिएको छ । कोभिड सङ्कट व्यवस्थापन केन्द्रले सोमवारदेखि सबैखाले निजी सवारीसाधन सञ्चालनमा छुट दिए पनि जिप्रका, पर्साले सोमवार बिहान सूचना प्रकाशित गरी मोटरसाइकलबाहेक अन्य निजी सवारीसाधनमा जोर–बिजोर प्रणाली लागू गरेको छ ।

निषेधाज्ञा लागू भएदेखि वित्तीय संस्थाहरू आंशिकरूपमा सञ्चालनमा थिए भने आजदेखि पूर्णरूपमा खुलेका छन् । यसैगरी, सोमवारदेखि सरकारी कार्यालयहरू पनि सञ्चालनमा आएका छन् । कतिपय सरकारी कार्यालयले आफूले दिने सेवाबारे सार्वजनिक सूचना पनि मालपोत कार्यालय पर्सामा भीड बढेको थियो । त्यहाँ स्वास्थ्य सुरक्षा मापदण्ड तथा सामाजिक दूरी कायम गरिएको देखिएन । भीड बढी भएकोले कार्यालयले स्वास्थ्य सुरक्षा मापदण्ड तथा सामाजिक दूरी कायम गराउनेतर्फ खासै चासो देखाएन ।

महानगरका सबै पसल सञ्चालनमा आए पनि पहिलो दिन आशाप्रदरूपमा ग्राहकहरू नआएको व्यवसायीहरूले बताए । लामो समयपछि पसल खुलेकाले कतिपय पसले सरसफाइमा जुटेका थिए ।

## वीरगंज-पथलैया सडक पाँच वर्षमा पनि बनेन
## सुक्खा बन्दरगाह राजमार्ग पोखरी बन्यो

राधेश्याम पटेल, परवानीपुर, ७ असार/

वीरगंज–पथलैया व्यापारिक राजमार्गको काम पाँच वर्षमा पनि सम्पन्न भएको छैन । २०७३ असार २९ गतेदेखि शुरू भएको सडक निर्माणको काममा ठेकेदार कम्पनीले चरम लापरवाही गर्दा सवारीचालकहरूले सडक नबन्दा पटक–पटक गाडीको चक्का पञ्चर हुने र गाडीको इन्जिन खराब हुँदा लाखौं रुपैयाँ गाडी मरम्मत सम्भारमा खर्च भइरहेको बताए ।

व्यापारिक मार्गमा तीनवटा पुलको कन्स्ट्रक्शन देखा परेको छ । पप्पु तीनवटा प्याकेजको साझेदारको रूपमा छ । परवानीपुरदेखि जगरनाथपुरको गण्डक नहरसम्म १ नं प्याकेज, हरपतगंजदेखि आइसिपीसम्म ३ नं प्याकेजमा पप्पुले निकै कम काम गरेको छ । यी दुई सडकमा



वीरगंज–पथलैया व्यापारिक राजमार्गमा जमेको पानी । तस्वीरः प्रतीक

सडकको दुरवस्था भएको हो । करीब ५ अर्ब रुपैयाँको ठेक्का लिएर समयमा काम नगरिदिंदा यस भेगका जनता चरम सास्ती खेप्न बाध्य छ । दुई वर्षभित्र काम सम्पन्न गर्नुपर्ने सम्झौता भए तापनि विभिन्न कारण देखाउँदै ठेकेदार कम्पनीहरूले काममा ढिलाइ गरिरहेका छन् । वीरगंज–पथलैयाबीचको विभिन्न सडकखण्ड अहिले वर्षात्को समयमा कहीं हिलाम्मे त कहीं पोखरी बनेका छन् । सुक्खा बन्दरगाहको लक्ष्मी आयलनिर, जगरनाथपुर–गण्डक नहरनजीकै, परवानीपुर चोक, गढीमाई मन्दिरदेखि जीतपुर बजार र लालका पुल क्षेत्रमा वर्षात्को बेला यात्रा गर्न सास्ती खेप्नुपरेको यात्रीहरूले बताएका छन् । लक्ष्मी आयलनजीकै राजमार्ग पोखरी नै बनेको कारण अहिले सवारीचालकहरू ज्यानको जोखिम मोलेर गाडी चलाउन बाध्य छन् ।

निर्माण काम भइरहेको छ । पथलैया–परवानीपुर–आइसिपी सडकखण्डमा ६ वटा प्याकेजमा ६ लेनको ३१ किलोमिटर लम्बाइको सडक कालोपत्रे गर्ने काम भइरहेको छ भने परवानीपुर–गण्डकको चार किलोमिटर लम्बाइको सडक निर्माण कार्य भइरहेको छ । अर्को जीतपुरको लालका पुल, परवानीपुरदेखि गण्डक जाने बाटोमा एउटा पुल र अर्को परवानीपुरदेखि सुक्खा बन्दरगाह जाने सडकखण्डमा गरी तीनवटा पुलको निर्माण कार्य भइरहेको छ । पुलमा करीब १ अर्ब रुपैयाँ बजेट छुट्याइएको छ । सडकको सातवटा प्याकेजको जेठ महीनासम्मको प्रगति हेर्दा सडकको भौतिक प्रगति ७५ प्रतिशत छ भने वित्तीय प्रगति ७० प्रतिशत छ । सडक निर्माणको सातवटा प्याकेजमा सबैभन्दा ढिला काम गर्ने ठेकेदार कम्पनीको रूपमा पप्पु

पोहोरको कोरोनाकालदेखि यस वर्षको कोरोनासम्म ठेकेदार कम्पनीले ज्यादै थोरै काम गरेको व्यापारिक मार्ग विस्तार आयोजना कार्यालय पथलैयाका सूचना अधिकारी इन्जिनीयर सम्पतलाल दासले बताए । त्यसैगरी, सूर्य नेपालदेखि गढीमाई मन्दिर जीतपुरसम्म ५ नं प्याकेजमा पनि दिवा, शर्मा, युनाइटेड जेभीले थोरै काम गरेको छ । पथलैयादेखि सूर्य नेपालसम्म ४ नं प्याकेज, गढीमाईदेखि परवानीपुरसम्म ६ नं प्याकेज र परवानीपुर–गण्डक सडकखण्डमा अन्य खण्डभन्दा केही काम बढी भएको उनले बताए । ठेकेदार पक्षलाई पटक–पटक पत्राचार गरी ताकेदा गर्दा पनि लक्ष्यअनुरूपको काम नगर्ने र खाली म्याद थपको लागि फाइल खडा गर्दा काम हुन नसकेको उनले बताए । परवानीपुर–

(बाँकी अन्तिम पातामा)

## वीरगंज ब्यारेकका सिपाहीको आत्महत्या प्रयास

प्रस, वीरगंज, ७ असार/

वीरगंजलस्थित नेपाली सेनाको चण्डीप्रसाद गणका एकजना सिपाहीले आत्महत्याको प्रयास गरेका छन् । आफैंले बोकेको एन–१६ राइफलबाट आफैंलाई गोली हानेर आत्महत्याको प्रयास गरेको पर्सा प्रहरीले जनाएको छ ।

गएराति करीब साढे ८ बजे पर्सा जिल्ला पोखरिया नगरपालिका–५ सतवरिया घर भएका २२ वर्षीय श्यामबाबूप्रसाद चौहानले ब्यारेकभित्रै पोस्टमा खटेको बेला आत्महत्याको प्रयास गरेका हुन् ।

अचानक गोली पड्केको आवाज सुनेर अन्य सिपाहीहरू गएर हेर्दा चौहानले चिउँडोमुनिबाट आफूलाई गोली हानेका थिए । सो गोली चौहानको आँखामुन्तिरबाट निस्किएको थियो । घाइते चौहानलाई नारायणी अस्पतालमा लगी प्रारम्भिक उपचार गरी नेशनल मेडिकल कलेज वीरगंजमा लगिएको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए ।

"घटना भएको केहीबेरमैं अस्पताल लगिएको हो, रक्तश्राव धेरै भएको छैन । मुख, दाँत र नाकमा चोट छ, अवस्था गम्भीर नै छ," प्रनाउ खनालले भने । उनी आफैंलाई गोली हान्ने अवस्थामा किन पुगे भन्ने विषयमा थप अनुसन्धान भइरहेको प्रनाउ खनालले बताए ।

### छोटकरी

#### पासो लगाइ आत्महत्या

प्रस, वीरगंज, ७ असार/

बहुदरमाई नगरपालिका–३ बदाहाका २३ वर्षीय मुकेश महतो नुनियाले घरमा पासो लगाएर आत्महत्या गरेका छन् ।

गएराति सपरिवार खाना खाई सुतेका मुकेश महतोले पासो लगाइ झुन्डेर आत्महत्या गरेको मृतकका परिवारजनले बताए । घरमा कसैसँग कुनै विवाद नरहेको र महतोले एक्कासि पासो लगाइ आत्महत्या गरेको प्रहरीको भनाइ छ । अस्थायी प्रहरी चौकी डोकैला बहुअरीको टोली घटनास्थलमा पुगेको थियो ।

## ठोरीमा अझै पनि मकै गोड्न हलोले जोत्ने चलन

प्रस, ठोरी, ७ असार/

किसानले परम्परागत मकैखेती छाडेर उन्नत जातको मकैखेती गर्न थालेका छन् ।

हाइब्रिड वा अन्य प्रजातिका मकै खेती गर्दा ड्याङ बनाएर रोप्ने र कोदालोको सहायताले गोडमेल गर्ने चलन प्रायः सबैतिर छ । तर पर्साको ठोरी गाउँपालिका–४ मा अझै पनि मकै गोड्नको लागि पुरानै ढङ्गले मकै जोत्ने चलन छ । यस क्षेत्रमा किसानले पुराना स्थानीय प्रजातिका मकै लगाउँछन् भने कोदालोले गोडमेल गर्नुको सट्टा हलोले जोत्ने गर्छन् ।

जेठको अन्तिम सातादेखि असारको पहिलो सातासम्म साबिक निर्मलबस्ती गाविसको वडा नं ५ र ६ का किसानलाई अहिले मकै बारी जोत्न र ढलेको मकै उठाउन चटारो छ । यहाँका किसानले कोदालोले मकै गोडमेल गर्दैनन् । मकैको बिरुवा अलि हुर्केपछि गोरु वा राङाको सहयोगले हलो लगाएर जोत्छन् ।

मकैमा हलो नलगाए मकै राम्रोसँग नफल्ने ठोरी गापा–४ पीपलडाँडाका ६० वर्षीय किसान धनबहादुर तामाङले बताए । उनलाई सम्झना भएसम्म यहाँका किसानले तीन दशकभन्दाअघिदेखि यसैगरी मकै जोत्दै आएका छन् ।



हलो–गोरुबाट मकै गोडमेल गर्दै । तस्वीरः माधव तिमल्सिना

उनले भने, "पहिले सबै किसानले हलोले जोत्दै मकै छर्ने गर्थे तर अचेल गोरु र राङा पाल्नेको सङ्ख्या कम भएपछि प्रायः सबैले टचाक्टरले जोतेर मकै छर्ने गरेका छन् । तर मकै गोड्न हलोले जोत्ने चलन भने अझै हराएको छैन ।" मकै हलोले जोत्दा मकैको बिरुवा बढ्ने र मकै धेरै फल्ने यहाँका किसानहरूको भनाइ छ । हलोले गहिरोसँग जोत्ने भएकोले मकैको जरा जमीनमुनि भित्रसम्म जाने भएकोले हावाहुरीबाट समेत बच्ने तथा बिरुवा बढ्न सहज हुने मानबहादुर गोलेले बताए । अगाडि एक हल गोरु वा राङा र एकजना मानिसको सहायतामा मकै जोत्ने र पछाडि अन्य मान्छेले ढलेको मकै उठाउने यहाँको परम्परागत चलन अझै पनि कायम रहेको उनले बताए । हलोले जोत्दा सकेसम्म मकैको बोटलाई छाडेर खाली भागमा जोत्ने गरिएको र जसलाई स्थानीय भाषामा डाँफे हान्ने भनिन्छ । यस क्षेत्रमा मकै जोत्नका लागि बर्मेली वा काठे हलोको प्रयोग गरिन्छ । कोदालोले मकै गोडमेल गर्दा धेरैजनाले मेहनत गर्नुपर्ने भएकाले यहाँका किसानलाई हलोले जोत्न सहज हुने गरेको छ ।

पछिल्लो समय टचाक्टरको सङ्ख्या बढ्दै गएपछि गाउँघरमा गोरु र राङा पाल्ने चलन कम हुँदै गएको छ । जसले गर्दा जोत्नका लागि गोरु र राङा पाउन गाह्रो भएको वडा नं ४ का रामचन्द्र रिसालले बताए । पहिले सहजरूपमा गोरु र राङा पाइन्थ्यो तर अहिले मकै जोत्न पालो पर्खिनुपर्ने उनले बताए ।

यहाँ अहिले एक हल गोरु एक बिहान जोतेको रु १ हजारदेखि रु १५ सयसम्म तिर्नुपर्छ ।

## विचारसार र सूक्तिहरू

**मानिस त सबै राम्रा हुन्छन्, हो चिन्ने काम चाहिं नराम्रो अप्ठ्यारो परेपछि हुन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## योग र हामी

**योग हिन्दू मनीषीहरूको अलौकिक ज्ञानको उत्पादन हो। मानिस रोग, भोक र शोकबाट अत्यधिक व्याकुल रहन्छ। आज मानिसलाई रोग, गरीबी र शोकले शारीरिक, आर्थिक र मानसिक यातना दिएको छ । शारीरिक तथा मानसिक स्वास्थ्यका लागि योगले प्रत्यक्ष योगदान पुऱ्याउँछ। शरीर र मन स्वस्थ रहेको मानिसका लागि आर्थिक समस्या केही होइन । अति विपन्न एउटा मानिस रिक्शा चलाउने, ठेला तान्ने श्रमसाध्य काम गर्न सक्दछ, यदि उसको स्वास्थ्य राम्रो र मस्तिष्क ताजा छ भने । तर अपार धन भएर पनि एउटा सम्पन्न व्यक्ति विपन्नभन्दा पनि दरिद्र भोजनको सहारा लिन्छ । किनकि उसमा धेरैथरी रोगले कब्जा गरेको हुन्छ । मेहनती गरीब र विवश धनीबीच एउटा रोज्नुपऱ्यो भने निश्चय नै जोकसैले गरीबी नै रोज्ला । शरीर स्वस्थ र दिमाग ऊर्जावान् छ भने धन जति पनि कमाउन सकिन्छ । त्यसैले धनलाई सुखको माध्यम मात्र ठानिन्छ । असल र प्राप्य धन त स्वस्थ शरीर र तरोताजा दिमाग नै हो । र यसको उपलब्धता योगाभ्यासबाट हुन्छ । योग क्रियाका लागि कुनै भौतिक वस्तु र महँगा उपकरण चाहिन्न। त्यही सर्वकाम्य स्वास्थ्य प्राप्त गर्ने मानिसलाई प्रेरित गर्ने दिन हो, जून २१ ।**

**संयुक्त राष्ट्रसङ्घजस्तो विश्व संस्थाले घोषणा गरेको हुनाले, जून २१ का दिन योग दिवस मनाउन थालिएको र विश्वभरि नै यसको उपादेयता अनुभूत गरिएको कुरा सत्य हो । तर योग भारतवर्षको प्राचीन जीवनशैली हो । यसले रोग, शोक र भोकको शमन गर्दछ । योगाभ्यासका पारखीहरूलाई रोग, भोक र शोक हुँदैहुँदैन भन्ने त होइन, तर निरन्तर योगाभ्यासरत व्यक्तिलाई हतपति यी समस्याले छुन सक्दैन। भनिएको पनि छ– यावत् जीवेत् सुखम् जीवेत्। बाँचुन्जेल सुखपूर्वक जिउनुपर्छ। सुखका लागि पहिलो शर्त हो शारीरिक स्वास्थ्य र सन्तुलित मानसिक अवस्था । यसको अभावमा मानिस सुखी हुन सक्दैन। सुख भएन भने आनन्द प्राप्त हुँदैन। योगाभ्यासमा निरत व्यक्ति यसै पनि आनन्दित रहन्छ। शरीर र मनमा विकार नभएपछि मानिस आनन्दित हुन्छ, सुख महसूस गर्छ। निरन्तर योगाभ्यासबाट धेरै अलौकिक शक्तिको प्राप्ति पनि सम्भव छ। प्राचीनकालमा हाम्रा ऋषि महर्षिहरूलाई योगी भनिन्थ्यो । उनीहरू योगको पूर्णतासम्म पुगेका हुन्थे, त्यसैले उनीहरूलाई वार्धक्यको पीडा थिएन, वरन् वार्धक्य उनीहरूका लागि थप सम्मान र यशको विषय हुन्थ्यो ।**

**आजजस्तो बूढेसकाल भनेर हेला गर्ने प्रवृत्ति थिएन, पुरानो समयमा; किनकि लामो उमेरसम्म मानिस हिंडडुल गर्दथे, विनाकुनै शारीरिक समस्याको । योग यस क्षेत्रको जीवन पद्धतिको एउटा महत्त्वपूर्ण हिस्सा थियो । जसलाई आज विश्वले मान्यता दिएको छ। कठिन र श्रमसाध्य काम गर्ने वर्गलाई आज योगको प्रशिक्षण दिइन्छ। विश्वका धेरै मुलुकहरूले आफ्ना सैनिकका लागि योगाभ्यास अनिवार्य बनाएका छन्, जसले गर्दा उनीहरूको शारीरिक क्रियाशीलता कदापि नघटोस् । सदैव तत्पर र सचेत रहन सकून् । तर अफशोचको कुरा छ हामी आफ्नो, जस्तोसुकै पनि उत्तम आचरणको, उपेक्षा गर्दछौं । अति महँगा उपकरण प्रयोग गरेर स्वास्थ्य रक्षाको उपक्रम गर्दछौं। हिंग लगे न फिटकरी रग चोख आए भन्ने हिन्दी उखानजस्तै एक दाम खर्च नगरी गरीबका लागि पनि प्राप्य र साध्य योग हामीकहाँ उपेक्षित छ। अब भने यो उपेक्षा अपेक्षामा बदलिनुपर्छ।**

# योग गरौं निरोग रहौं

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**योगले पश्चिमा मानसिकताबाट प्रभावित तथा कथित आधुनिक सोचको तीनवटै आयाम बदलिदिन्छ । पश्चिमाहरू शारीरिक समस्याको समाधान बाहिरबाट हुन्छ भने मान्यता राख्दछन्, योगले भने यसको समाधान मुख्यतः शरीरभित्रबाट हुने बताउँछ ।**

सातौं अन्तर्राष्ट्रिय योग दिवस बडो उत्साहका साथ विश्वभरि मनाइँदै छ । निश्शुल्क अथवा अति नै न्यून खर्चमा अनेकौं शारीरिक रोगहरूको उपचार यसबाट सहज सम्भव हुने भएकोले यसप्रति आकर्षण बढ्दै गएको छ । नियमित योग गर्नाले रोगको सम्भावना नै समाप्त हुन सक्छ । योगको माध्यमबाट विश्वका करोडौं मानिस लाभान्वित भएका छन् ।

वर्तमान अवस्थामा योग विज्ञान जति महत्त्वपूर्ण साबित भइरहेको छ, यसभन्दा अघि यो कहिल्यै यति बढी महत्त्वपूर्ण ठानिएको थिएन । वर्तमान अवस्थामा हामीसँग विज्ञान एवं प्रविधिका तमाम साधन उपलब्ध छन्, जो विश्वको निर्माण एवं विध्वंस दुवै गर्न सक्षम छ र गरिरहेको छ पनि। यस्तो अवस्थामा यो निकै महत्त्वपूर्ण हुन जान्छ कि हामीमा जीवनप्रति जागरुकता र यस्तो भाव कायम रहोस् जसले हामी प्रत्येक प्राणीमा आफ्नै शरीरको अंश रहेको अनुभूति गर्न सकौं। यदि मानवजातिले जीवनमा एकात्मकता र योगलाई बुझेका छन् र त्यसको अनुभूति गरिरहेका छन् भने विश्वमा अवश्य पनि ठूलो परिवर्तन आउन सक्छ। जीवनप्रति दृष्टिकोणमा परिवर्तन ल्याउन ल्याउन सकियो भने मानव जातिको सबै खाले समस्याको समाधान सम्भव छ। मानव कल्याण एवं आत्मिक विकासको दिशामा यसले ठूलो परिवर्तन ल्याउने निश्चित छ ।

योगमा तनावरहित मस्तिष्क एवं स्वस्थ्य शरीरको मूल तत्त्व केन्द्रित हुन्छ। योग भनेको जोड्नु हो । योगमा प्रेम, अहिंसा, करुणा एवं सबैलाई सँगसँगै लिएर अगाडि बढ्ने भाव केन्द्रित हुन्छ। आन्तरिक एवं आत्मिक विकास तथा मानव कल्याणसँग जोडिएको विज्ञान हाम्रो भावी पुस्ताको निम्ति ठूलो निधि साबित हुन सक्छ ।

योग हाम्रो परम्परा हो। नेपाल एवं भारत दुई छुट्टाछुट्टै स्वतन्त्र अस्तित्व भएका देश अवश्य पनि हुन् तर हिन्दू धर्म, संस्कृति, पुराण, वेद, उपनिषद, देवी देवता, तीर्थस्थल, महान् ऋषिमुनिहरू हाम्रा निम्ति एक समान पूजनीय, आदरणीय एवं प्रातःस्मरणीय छन् । योगबारे विश्वलाई अवगत गराउने काम विगतमा पनि नभए होइन तर त्यो साह्रै सीमित थियो। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो अमेरिका यात्राको क्रममा संयुक्त राष्ट्रसङ्घमा योगको महत्त्व बताए अनि यसले विश्वव्यापी मान्यता हासिल गऱ्यो। फलस्वरूप इस्लामिक देशहरूसहित विश्वका झन्डै २०० देशले अन्तर्राष्ट्रिय योग दिवस मनाउँदै आएका छन्। साउदी अरब र इरानजस्ता कट्टर इस्लामिक देशहरूमा पनि राजकीयस्तरबाट यस दिवसको आयोजना हुन्छ । हाम्रा महान् ऋषिमुनिहरूप्रति पनि हामीले कृतज्ञता ज्ञापन गर्नुपर्छ। सनातन धर्म एवं चिन्तन पद्धतिले विश्व समुदायलाई धेरै थोक दिएको छ । जसमा योग, शाकाहारी जीवनशैली, सत्य, अहिंसाको प्रयोग जस्ता विषय पनि छन् । गणित, विज्ञान एवं खगोलको क्षेत्रमा पनि यसले विश्वलाई धेरै थोक दिएको छ। योग शरीर एवं मनलाई स्वस्थ राख्ने एउटा वैज्ञानिक माध्यम हो । भनिन्छ मार्शल आर्टका जनक पनि हिन्दू र बौद्ध सन्तहरू नै थिए। हिन्दू संस्कृति जस्तै यसनान, मिश्र, अरब एवं अनेकौं संस्कृतिहरूले विश्वलाई केही न केही अमूल्य निधि प्रदान गरेका छन्। शून्य र दशमलवको प्रयोगको थालनी पनि यहींबाट भएको हो ।

योगका सूत्रहरूमा आस्था एवं अन्धविश्वासको निम्ति ठाउँ छैन यो पनि गणित र विज्ञानजस्तै प्रयोगमा आधारित छ। प्रयोगबाटै विश्वास गर्न सकिन्छ। दर्शन एवं विज्ञान सङ्कीर्ण हुनै सक्दैन। योग परम स्वास्थ्यको विज्ञान हो तथा अनन्तको दर्शन पनि हो। अस्तित्व अनन्त र असीमित छ। हामी सबै एकाइ मात्र हौं, जबकि अस्तित्व सम्पूर्ण। एकाइ हुनु दुःख हो भने अनन्त हुनु आनन्द। योगले एकाइमा आनन्दको अनुभूति हुने गर्दछ। योगको सोझो अर्थ हो जोड्नु। पतञ्जलि (ईसापूर्व १८४–१८५) ले योग सूत्र लेखेका थिए तर योग पतञ्जलिभन्दा पनि प्राचीन हो । मनुष्य एवं ब्रह्माण्डको एकात्मक दर्शनको यो विज्ञान भारत वर्षबाटै शुरू भएको हो । विश्वका अनेकौं देशले यसलाई अँगाले तथा यसलाई योगको ठाउँमा योगा भन्ने गरे। योग विज्ञानले अन्तर्राष्ट्रिय महत्त्व एवं मान्यता पाउनुबाट खुशी मान्नुपर्ने हो । योगको विस्तार एवं प्रभावसँगै यस क्षेत्रको महत्त्व पनि बढ्ने छ। मीमांसा, न्याय वैदेशिक सांख्य वेदान्त एवं योग भारत वर्षका ७ प्राचीन दर्शन हुन्। बुद्ध र जैन दर्शनको थालनी पनि यहींबाट भएको हो, तर सांख्य एवं योग प्राचीन दर्शन हो। स्वस्थ शरीर एवं एकाग्र मन आदिम अभिलाषा हो। शायद त्यही भएर वैदिक ऋषिहरू काम गर्दागर्दै एक सय वर्षसम्म बाँच्दथे।

२१ जूनका दिन पृथ्वीमाथि सूर्यको उपस्थिति निकै लामो समयसम्म हुन्छ। सम्भवतः यसै कारणले राष्ट्रसङ्घले यस दिनलाई अन्तर्राष्ट्रिय योग दिवस मनाउने निर्णय गरेको हो। यसभन्दा पहिले सन् २०११ मा भारतको दक्षिणी प्रान्त बेंगलुरूमा विश्वका केही योगगुरुहरूको बैठकमा पनि २१ जूनका दिन योग दिवस मनाउने निर्णय गरिएको थियो ।

सूर्यलाई ऊर्जाको सबैभन्दा ठूलो एवं अक्षयस्रोत मानिन्छ । पृथ्वीमा उसको लामो उपस्थितिले त्यस दिन सबैभन्दा बढी ऊर्जा प्राप्त हुने विश्वास गरिन्छ। हामी योगको पद्धति एवं त्यसको परिणामलाई सोझोरूपमा ऊर्जासँग जोडेर हेर्ने गर्दछौं। यथार्थमा त योगको अर्थ जोड्नु हुन्छ। ऊर्जामा वृद्धिको पहिलो सिद्धान्त हो, कसैसँग जोडिनु तथा अन्यलाई समेत जोड्नु । जसमा जति जोडिने तथा जोड्न सक्ने योग्यता हुन्छ त्यो त्यति नै क्षमतावान कहलिन्छ । ऊर्जामा वृद्धिको निम्ति मात्रै जोडिनु पर्याप्त होइन। त्यसलाई दिशा र गतिको पनि आवश्यकता पर्दछ। एक आपसमा जोडिनेहरूको दिशा पनि एउटै हुनुपर्दछ। जोड्नु त्यति बेला मात्रै सम्भव हुन सक्छ जब दुवैको दिशामा एउटै होस् । जोडिएपछि दिशा भिन्दाभिन्दै भयो भने ऊर्जाको क्षरण मात्र हुन्छ।

योगको मूल उद्देश्य व्यक्तिको शारीरिक, मानसिक एवं आत्मिक ऊर्जामा वृद्धि गरी व्यक्तिलाई उसको क्षमताको उच्चतम विन्दुसम्म पुऱ्याउनु हो । यसको निमित्त योगले दिशा तथा जोडनुको सिद्धान्तलाई सँगसँगै लिएर हिड्ने गर्दछ। योग मुख्यतः शरीर, मन एवं आत्मा यी तीनैलाई कुनै एउटा निश्चित विन्दुसम्म एकजुट गर्ने प्रक्रिया पनि हो । ऊर्जाका हाम्रा यी तीनवटै उत्पादन केन्द्र बेग्लाबेग्लै दिशामा काम गरिरहेका हुन्छन् तर योग तीनवटैलाई प्राप्त भइरहेको हुन्छ। योगमा मनलाई प्राण (श्वास) सित सामञ्जस्य स्थापित गरिन्छ। यसको परिणामस्वरूप व्यक्ति न केवल शारीरिक, मानसिक एवं आत्मिक रूपमा बढी प्रबल हुन्छ अपितु उसको शारीरिक स्वास्थ्यमा पनि वृद्धि हुन्छ। जब व्यक्ति यी तीनैमाथि नियन्त्रण स्थापित गरी कुनै काममा आफूलाई लगाउँछ अनि कार्यको गुणस्तर तथा सङ्ख्यामा पनि कैयौं गुणा वृद्धि हुन जान्छ। यो नै सूर्यको ऊर्जा एवं योगको पद्धतिसँगको सम्बन्ध हो।

आम मान्यता यही छ कि महर्षि पतञ्जलिले नै आधुनिक योगको आधार खडा गरेका थिए, तर बृहदारण्यक उपनिषद्मा श्वासमाथि नियन्त्रण गर्ने विषयमा विस्तारपूर्वक वर्णन गरिएको पाइन्छ। हाम्रा पुर्खाहरूले अशान्त मनलाई शान्त पार्नका निम्ति यस पद्धतिको आविष्कार गरेका थिए। अहिले विश्वका चिकित्साशास्त्रीहरूले वर्तमान जीवन शैलीलाई प्रत्येक रोगको कारण मानेका छन् तर यसको सरल समाधान भनेको योग नै हो । योग हाम्रो धरोहर हो र यसमाथि हामीले गर्व गर्न सक्नुपर्दछ।

बेरोजगारी युवाहरूका निम्ति यो एउटा नयाँ अवसर पनि साबित हुन सक्दछ। कठिन परिश्रम गरेर विदेशमा केही सीमित पैसा कमाउनुभन्दा मान सम्मानसहित स्वदेशमैं काम गर्न के को लाज ? योगलाई अन्य धर्मावलम्बीहरूले आत्मसात् गरी यसबाट लाभ उठाउन सक्छन्। भाषा, बोली, पहिरन, पानी, जमीन तथा जीवनको कुनै धर्म हुँदैन । ११ डिसेम्बर २०१४ मा संयुक्त राष्ट्र सङ्घ महासभाले आफ्नो प्रस्तावमा भनेको छ–"योगले मानव स्वास्थ्य एवं स्वस्थ जीवनशैलीबारे समग्र दृष्टिकोण व्यक्त गर्दछ। यसबाट हुने लाभको प्रसार विश्व जनसंख्याको निम्ति कल्याणकारी साबित हुनेछ ।" संयुक्त राष्ट्रसङ्घका महासचिव वान कि मुनले पनि योग विचार तथा कर्मको सामञ्जस्य तथा स्वास्थ्यको लागि आवश्यक बताएका छन्। मुनले भनेका छन्–योगबाट शान्ति एवं विकासमा योगदान मिल्दछ। यसले मानिसलाई तनावमुक्त गर्दछ। उनले सबै सदस्य देशसँग योगलाई प्रोत्साहन गरी सहयोग गर्न अनुरोध पनि गरेका छन्।

विश्वका अनेकौं देश तथा विश्वविद्यालयहरूमा अनुसन्धानमार्फत यो सिद्धान्त प्रतिपादित गरिएको छ कि योग मानसिक तनावबाट बचाउ गर्नुका साथै शारीरिक स्वास्थ्य र मानसिक शान्ति प्रदान गर्न सक्षम छ । अमेरिकाको विश्वप्रसिद्ध वोस्टन विश्वविद्यालयको स्कूल अफ मेडिसिनद्वारा मई २०१२ मा प्रकाशित मेडिकल हाइपोथिसिस जर्नलमा यो प्रतिपादित गरिएको थियो कि पुरानो रोग तथा दुर्घटनापश्चात् तनावमुक्त भई सामान्य जीवन बाँचन योग निकै प्रभावशाली साबित हुन सक्दछ। किनभने योग सेन्ट्रल नर्भस सिस्टमको आधार मानिएको तन्त्रिका भेगर्स नर्भलाई प्रचुर मात्रा ऊर्जा प्रदान गर्दछ। त्यसैगरी हावर्ड विश्वविद्यालयको एक अनुसन्धानले पनि योगलाई सामान्य जनरोग समाधानमा सर्वाधिक सक्षम मानेको छ।

योगले पश्चिमा मानसिकताबाट प्रभावित तथा कथित आधुनिक सोचको तीनवटै आयाम बदलिदिन्छ। पश्चिमाहरू शारीरिक समस्याको समाधान बाहिरबाट हुन्छ भने मान्यता राख्दछन्, योगले भने यसको समाधान मुख्यतः शरीरभित्रबाट हुने बताउँछ । सङ्घर्ष गरेर मात्रै सुख र शान्ति हासिल गर्न सक्छौं भन्ने धारणाविपरीत योगले प्रकृतिसँग तादात्म्य स्थापित गरेर पनि हामी सुख र शान्ति प्राप्त गर्न सक्दछौं भन्दछ। मानसिक व्यवस्था कायम गरी रोगरहित हुनका लागि रोगको उपचार गर्नुपर्ने मान्यताविपरीत एउटा निश्चित शारीरिक एवं मानसिक व्यवस्था कायम गरी धेरै हदसम्म रोग लाग्न दिनबाट रोक्न सकिन्छ। योग एउटा यस्तो माध्यम हो जसले विनाधन खर्च गरी व्यक्तिलाई स्वास्थ्य प्रदान गर्न सक्दछ। यो निर्धन वर्गको निम्ति वरदान साबित हुन सक्दछ। त्यसैले योग गरौं हामी र निरोगी बनौं।

# परवानीपुर गापाको बजेट ३४ करोड

प्रस, वीरगंज, ७ असार/

परवानीपुर गाउँपालिकाको आठौं गाउँसभा सोमवारदेखि शुरू भएको छ। प्रदेश २ का पूर्वमन्त्री जीतेन्द्र सोनलले गाउँसभाको उद्घाटन गरेका थिए ।

गापा अध्यक्ष हरिनारायण साहको अध्यक्षतामा सम्पन्न गाउँसभा उद्घाटन सत्रमा गापा उपाध्यक्ष सावित्री देवीको तर्फबाट वडाध्यक्ष गजेन्द्र पटेलले गापाको नीति तथा कार्यक्रम र आव २०७८/७९ को लागि रु ३४ करोड ६४ लाख ७८ हजारको बजेट प्रस्तुत गरेका थिए ।

उनले सङ्घीय वित्तीय समानीकरणतर्फ १० करोड ३४ लाख, सङ्घीय राजस्व बाँडफाँडतर्फ ५ करोड ३१ लाख ५८ हजार, सङ्घीय सशर्त अनुदानतर्फ १० करोड १६ लाख, सङ्घीय सरकार समपूरक अनुदानतर्फ ४२ लाख, सङ्घीय सरकार विशेष अनुदानतर्फ १ करोड ६६ लाख, प्रदेश वित्तीय समानीकरणतर्फ ६८ लाख ९५ हजार, प्रदेश सशर्त अनुदानतर्फ ८० लाख, प्रदेश समपूरक अनुदानतर्फ २० लाख, प्रदेश विशेष अनुदानतर्फ ३० लाख, आन्तरिक स्रोत अनुमानिततर्फ २ करोड ५० लाख, प्रदेश राजस्व बाँडफाँडतर्फ २५ लाख ८५ हजार, २०७७/७८ को नगद मौज्दात २ करोडसहित ३४ करोड ६४ लाख ७८ हजार रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेका थिए।




गाउँसभाको उद्घाटन गर्दै मन्त्री जीतेन्द्र सोनल। तस्वीरः प्रतीक

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## ब्रजीलमा पाँच लाखभन्दा बढी मानिसको मृत्यु

साओ पाओलो, ७ असार/सिन्हवा

ब्रजीलमा कोभिड–१९ को सङ्क्रमणबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या लाख १ हजार ८२५ जना पुगेको ब्रजीलको स्वास्थ्य मन्त्रालयले आइतवार जानकारी दिएको विभिन्न अन्तर्राष्ट्रिय सञ्चार ब्रजीलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीमा यहाँ पछिल्लो समयमा मृत्यु हुनेहरूको सङ्ख्या केही घटिरहेको भएपनि

### कोरोनाबाट अत्यन्त प्रभावित दश देशका सङ्क्रमित र मृतकको सङ्ख्या

बेइजिङ, ७ असार/सिन्हवा/रासस

जोन्स हप्किन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरण अनुसार विश्वभरमा सङ्क्रमितको सङ्ख्या सत्र करोड ८४ लाख ३६ हजार २८८ जना रहेका छन्। कोरोना शुरू भएयता हालसम्म विश्वभर यस सङ्क्रमणबाट ३८ लाख ६४ हजार ७४२ जनाको मृत्यु भएको छ।

सो विश्वविद्यालयले दिएको पछिल्लो विवरण अनुसार कोरोनाबाट अत्यन्त प्रभावित दश देशका सङ्क्रमित र यस सङ्क्रमणबाट ज्यान गुमाएका नागरिकहरूको सङ्ख्या यस प्रकार रहेका छन्।

| देश | सङ्क्रमितको सङ्ख्या | कुल मृत्यु |
|---|---|---|
| संयुक्त राज्य अमेरिका | तीन करोड ३५ लाख ४१ हजार ९६७ | छ लाख १ हजार ८२४ |
| भारत | दुई करोड ९८ लाख ८१ हजार ७७२ | तीन लाख ८६ हजार ७०८ |
| ब्रजील | एक करोड ७९ लाख २७ हजार ९२८ | पाँच लाख १ हजार ८२५ |
| फ्रान्स | ५८ लाख १९ हजार ८८ | एक लाख १० हजार ९०० |
| टर्की | ५३ लाख ७० हजार २९९ | ४९ हजार १८५ |
| रूस | ५२ लाख ५५ हजार २१४ | एक लाख २७ हजार २०६ |
| बेलायत | ४६ लाख ४६ हजार ६८ | एक लाख २८ हजार २४० |
| अर्जेन्टिना | ४२ लाख ६८ हजार ७८९ | ८९ हजार ४३ |
| इटाली | ४२ लाख ५२ हजार ९७६ | एक लाख २७ हजार ४३ |
| कोलम्बिया | ३९ लाख ४५ हजार १६६ | ९९ हजार ९३४ |

पाँच लाख नाघेको छ। यहाँ गत २४ घण्टामा कोरोना भाइरस सङ्क्रमणबाट एक हजारभन्दा बढी मानिसको ज्यान गएको स्वास्थ्य अधिकारीहरूले बताएका छन्। उक्त समयमा कोरोना भाइरस सङ्क्रमणबाट १ हजार २५ जनाको निधन भएको हो।

ब्रजीलमा कोरोना भाइरसको सङ्क्रमण शुरू भएयता हालसम्म यस प्रकोपबाट ज्यान जाने व्यक्तिको सङ्ख्या ५ लाख नाघेको छ। यहाँ सन् २०२० फेब्रुअरी २६ बाट शुरू भएको कोरोना भाइरसको सङ्क्रमणबाट हालसम्म अर्थात सन् २०२१ जून २० सम्म पाँच माध्यमले जनाएको छ।

हिजो आइतवार ब्रजीलका सञ्चारमाध्यमहरूले पनि ब्रजीलमा कोरोनाको सङ्क्रमणबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या ५ लाख नाघेको जानकारी दिएको थियो। गत २४ घण्टामा ब्रजीलमा ४४ हजार ३२६ जना थप व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण देखिएको पनि स्थानीय समय अनुसार सोमवार जानकारी दिएको छ।

यो सङ्ख्यासँगै ब्रजीलमा कुल सङ्क्रमितको सङ्ख्या करीब १ करोड ८० लाख पुगेको पनि यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरूले जनाएका छन्। उल्लेख्य मात्रामा भने घट्न सकेको छैन।

यहाँ कोरोनाको नयाँ प्रजातिको भाइरस देखिएपछि पछिल्ला केही महीनामा सङ्क्रमितहरू झन् बढ्न थालेका छन्। ब्रजीलको साओ पाओलो शहर शुरूदेखि नै यो सक्रङ्मणको एक किसिमले केन्द्रबिन्दुको रूपमा रहेको पनि पाइएको छ।

ब्रजील कोरोना भाइरस सङ्क्रमणको कारण संयुक्त राज्य अमेरिकापछि सबैभन्दा बढी नागरिकको ज्यान जाने देशको रूपमा परेको छ। यहाँका ८ करोडभन्दा बढी मानिसले कोरोना भाइरसविरुद्धको खोप लगाइसकेका छन्। रासस

## अफगानी सेनाद्वारा तखार प्रान्तका दुई जिल्ला पुनः नियन्त्रण

काबुल, ७ असार/सिन्हवा

अफगानिस्तानको सरकारी फौजले उत्तरी तखार प्रान्तका दुई जिल्लालाई पुनः नियन्त्रणमा ल्याएको छ।

उत्तरी क्षेत्रका सेनाका प्रवक्ता अब्दुल हाडी नजारीले गएराति सेनाले कारबाई गरी दुई जिल्लालाई पुनः सरकारी सेनाको नियन्त्रणमा ल्याएको जानकारी दिए।

सेनाले नियन्त्रण कायम गरेका जिल्लाहरूमा घार र बांगी रहेका छन्। यी दुई जिल्लालाई केही दिनअघि तालिबानी विद्रोही समूहले आफ्नो नियन्त्रणमा ल्याएको थियो।

सैनिक प्रवक्ता नजारीले सेनाको कारबाईका बारेमा विस्तृत विवरण भने दिएका छैनन्, तर उनले दुवै जिल्लामा सेनाको नियन्त्रण कायम भएको बताए।

अफगानिस्तानका विद्रोही तालिबान लडाकू समूहले उत्तरी तालुकान प्रान्तका केही जिल्लालाई आफ्नो नियन्त्रणमा लिएको छ। उनीहरूले तखार प्रान्तको राजधानी तालुकानमाथि पनि दबाब सिर्जना गरिरहेका छन्।

सेनाले गरेको पछिल्लो कारबाईका बारेमा तालिबान समूहले भने कुनै प्रतिक्रिया जनाएको छैन।

अफगानिस्तानबाट आगामी सेप्टेम्बर ११ भित्रै अमेरिकी र नेटो आबद्ध सैनिकहरू फिर्ता हुन लागेसँगै अफगानिस्तानको प्रमुख विद्रोही समूह तालिबानले देशभर थप हिंसात्मक कारबाई थालेको छ। पछिल्लो एक महीनाभित्रै तालिबानले देशका ५० भन्दा बढी जिल्लालाई आफ्नो नियन्त्रणमा लिइसकेको छ। रासस

## दुर्घटनामा ९ बालबालिकासहित १० जनाको मृत्यु

वाशिङ्टन, ७ असार/सिन्हवा

अमेरिकाको अलाबामामा भएको सडक दुर्घटनामा परी १० जनाको मृत्यु भएको बताइएको छ। शनिवार अमेरिकाको अलाबामा राज्यमा भएको सडक दुर्घटनामा परी ती नागरिकको ज्यान गएको बताइएको छ। उक्त दुर्घटनामा परेर नौजना बालबालिकाको ज्यान गएको छ। साथै अर्का एकजना वयस्क नागरिकको पनि सो दुर्घटनामा परी मृत्यु भएको छ।

यहाँका अधिकारीहरूले आइतवार दिएको जानकारी अनुसार अलाबामाको बटलर काउन्टीमा दुर्घटनामा परेर ती बालबालिका मारिएका हुन्। सो दुर्घटनामा परी मृत्यु भएका आठजना बालबालिका ४ देखि १७ वर्ष उमेरका रहेका थिए। एक भ्यानमा यात्रा गरिरहेका उनीहरूको भ्यान दुर्घटनामा परेको बताइएको छ।

उनीहरूको दुर्घटनास्थलमैं ज्यान गएको थियो। अर्को भ्यानमा रहेका एकजना २९ वर्षका युवक र उनकी नौ महीनाकी छोरीले पनि त्यही दुर्घटनामा परेर ज्यान गएको यहाँको स्थानीय प्रहरीले जानकारी दिएको छ।

यो सडक दुर्घटनामा दुईवटा भ्यान एकापसमा जुधेका ती प्रहरी अधिकारीले जानकारी गराएका छन्। दुर्घटनाको बारेमा अनुसन्धान थालिएको पनि ती प्रहरीले जानकारी दिएका छन्। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | वादविवाद | वृष | यात्रालाभ |
| मिथुन | कडाश्रम | कर्कट | सुसमाचार |
| सिंह | उदरपीडा | कन्या | विजय |
| तुला | धनलाभ | वृश्चिक | भाग्योदय |
| धनु | बेचैनी | मकर | मनोरञ्जन |
| कुम्भ | कर्मप्राप्ति | मीन | प्रगति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


कटहरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटहरिया, रौतहट
प्रदेश नं २, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०७८/०३/०८)

यस कार्यालयको बोलपत्रको आह्वान सूचनाबमोजिम तपसिलका ठेक्काको लागि म्यादभित्र E-Bid मार्फत दर्ता भएका बोलपत्रहरूमध्येबाट न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही निम्नानुसारका बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरीद ऐन–२०६३ (पहिलो संशोधन, २०७३) को दफा २७ (२) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | कबोल अङ्क (VAT, PS बाहेक) |
|---|---|---|---|
| NCB/03/KATMUN/ 2077/78 | Construction of Agricultural Wholesale Market | Pratisha-Dhulikhel-Axis Asian JV | 19,91,19,056.52 |

- **रामप्रकाश साह** (नि. प्रमुख प्रशासकीय अधिकृत)


## चुरेमा बादल देखिनासाथ बस्तीमा त्रास

गोपालप्रसाद बराल
महोत्तरी, ७ असार/रासस

उत्तर फर्कंदा चुरे पहाडी शृङ्खलातिर कालो बादल मडारिएको देखेपछि महोत्तरीको भङ्गाहा–४ को पलारस्थित गरीब बस्तीमा कोही सुत्न सक्दैनन्। बाँतर जातिका अति विपन्न समुदायको बाहुल्य रहेको रातु नदी तटको यो बस्तीमा डाँडातिर बादल देखेपछि राति बाढी आउने डरले कोही सुत्न नसकेका हुन्।

“हेर्नुस् हजुर, नदी बस्तीछेउमैं आइपुगेको छ, शिर (नदी उद्गमस्थल, चुरे पहाड)तिर पानी परेजस्तो छ, अनि कसरी निदाउनु ?” बस्तीका ६० वर्षीय रामदयाल सर्दारले भने। रातु नदीमा पूर्वपश्चिम राजमार्गमुनि बनेका तीन भङ्गालामध्ये माझको बहाव हुनेगरी तटबन्ध गरिएको छ। यही बहावको नदी तटमा रहेको पलार बस्तीनजीक तटबन्ध नहुँदा यहाँका बासिन्दालाई सधैंभरि बाढीको डर बनेको हो।

“मास्तिर (भङ्गाहा–४ माथि बर्दिबास नपा क्षेत्र) र तलतिर (भङ्गाहा–१, २ र बलवा नपा क्षेत्र) रातुमा दुवै किनारामा तटबन्ध गरिएको छ,” सो बस्तीकी ७० वर्षीया पल्टी बाँतर भन्छिन्, “हामी गरीब बसेको ठाउँमा कसको नजर परोस् र।” गरीब र निमुखा भएकैले आफ्नो बस्ती बचाउबारे कुनै नेता र निकायको आँखा नपरेको पल्टीको गुनासो छ।

करीब ३०/३५ घरको गुजुमुज्ज यो बस्तीमा दुई/तीन घर थारूबाहेक सबै बाँतर जातिका छन्। शिक्षा, स्वास्थ्य तथा सामाजिक सचेतनाले निकै पछि परेको यो बस्तीमा अहिलेसम्म प्रवेशिका (पहिलेको एसएलसी, अहिले माध्यमिक तह) उत्तीर्ण गरेका कोही छैनन्। शैक्षिक सत्रको प्रारम्भमा विद्यालय भर्ना कार्यक्रममा यहाँका केही बालबालिकाको नाउँ लेखिए पनि घरको गरीबीले ती विद्यालयमा टिक्दैनन्।

आफ्नो यस्तै अवस्थाले उपेक्षित हुनुपरेको भन्ने चाहिं अब यो बस्तीका अभिभावकलाई पर्ने गरेको छ। “हाम्रो बस्तीमा पढेलेखेका भनसुन गर्न सक्ने कोही भएनन्,” बस्तीका ४५ वर्षीय महेश सर्दार भन्छन्, “त्यसैले हाम्रो कतै सुनवाइ हुँदैन, अब चाहिं दुःख खेपेर भएपनि नानीहरूको पढाइ नरोक्ने प्रण गरेका छौं।” आफ्ना नातिनातिना अब नियमित विद्यालय गइरहेका महेश बताउँछन्।

बर्खा लाग्यो कि बाढीको त्रासले छुने यो बस्तीमा पछिल्लोकालमा केही वर्षयता नदीमा जथाभावी उत्खनन बढेपछि जोखिम बढ्दै गएको हो। पलार उत्तर बर्दिबास छुने सीमासम्म १५ भन्दा बढी क्रसर सञ्चालनमा छन्। अनियन्त्रित उत्खननले गर्दा नदीले बहाव फेर्दै बस्तीसम्म पुगेपछि यहाँ पहाडतिर पानी पर्नासाथ बाढीको डर बढेको भङ्गाहा–४ कै रामनगर बस्तीका सामाजिक, राजनीतिक कार्यकर्ता हरिदेव साह बताउँछन्।

रातुको बाढीको जोखिम पलारसँगै भङ्गाहा–४ कै थारूटोल बनरा, टोका, भङ्गाहा–६ को जमुनियाँ, हतिसर्वा, पुर्वारीसग्रामपुर, भङ्गाहा–२ को बखरीमा पनि उच्च छ। पलारदेखि दक्षिण यसअघि नदी किनारमा निर्मित तटबन्ध २०७६ सालको बर्खे भेलले भत्काएपछि बखरी, संग्रामपुर, हतिसर्वा, भङ्गाहा–२ को सिङ्ग्याही, भङ्गाहा–१ को कविलाषा र बलवा नगरपालिकाका भगवतीपुर, लेउरी, भलनीसहितका बस्ती पनि बाढीको जोखिममा रहेका छन्। बाँधिएको तटबन्धछेउबाटै बालुवा र ढुङ्गा उत्खनन गरिंदा बनेको खाल्डोले सानै बाढीमा पनि तटबन्ध खुकुलिएर भत्केको नेपाली काङ्ग्रेस भङ्गाहा नगरसमितिका सभापति रूपनारायण सिंह थारू बताउँछन्।

“लाग्छ, नियमन गर्ने कुनै निकाय नै छैन, जथाभावी उत्खननले विपत्ति जोखिम बढाउँदो छ, नियन्त्रणको चासो सम्बद्ध निकायमा देखिंदैन,” सिंहले भने। नगर कार्यपालिका र वडा कार्यालयको सम्मति र स्वीकृतिबेगर क्रसर सञ्चालन गर्न नपाइने कानूनी प्रावधान भएपनि स्थानीय जनप्रतिनिधिमा यो चासोले प्राथमिकता नपाएको भङ्गाहाका सिंहसहितका राजनीतिक दलका अगुवा बताउँछन्।

अहिले बस्ती/बस्ती सखाप पार्नेगरी बढेको बाढीको जोखिमको निदान शिरदेखि नै बुझ्नुपर्ने भङ्गाहा–७ का बासिन्दा डा विजयकुमार सिंह बताउँछन्। चुरे विषयमैं विद्यावारिधि गरेका सिंहले चुरे शृङ्खलामा बढेको अव्यवस्थित बसोबास, विकासका नाउँमा सडक विस्तार गर्न वैज्ञानिक अध्ययनविना नै पहाड भत्काउने बढ्दो लहर, चुरे र नदीमा हुने निरन्तरको अनियन्त्रित उत्खनन, खोल्सी व्यवस्थापनमा देखिने उदासीनता र वनविनाश नै बाढी र पहिरोका मुख्य कारण बनेको बताए।

“अहिले त केही बस्ती जोखिममा रहेका, केही घर बाढीले लगेका र केही जग्गा कटान भएका समस्या सुन्दैछौं,” डा सिंहले भने, “चुरे पहाडी शृङ्खला, नदी र वनमा हुने लुँछाचुँडी तत्काल नरोकिने हो भने सिङ्गो भाँवर कटान र मधेस डुबानमा पर्नेछ, यहाँका उब्जाउ जग्गा बालुबुर्ज मरुभूमिमा परिणत हुनेछन्।” धेरैजसो केन्द्र र प्रदेश नीतिमा यी कुरामा भर गरे पनि सम्बन्धित स्थानीय तहको सङ्कल्प र प्रतिबद्धता भए धेरै कुरा ‘लिक’मा आउने डा सिंहको विश्वास छ। यद्यपि यस भेगका धेरैजसो स्थानीय तहको नेतृत्व क्रसर सञ्चालककै वरिपरि देखिनाले तत्काल सकारात्मक कदमका लागि अब जनदवाब नै आवश्यक देखिएको डा सिंह बताउँछन्।

यसैबीच चुरे शिखरसम्म भूगोल समेटिएको जिल्लाको एकमात्र बर्दिबास नगरपालिकाले अवैज्ञानिक र अनियन्त्रित उत्खनन हुने क्रम रोक्ने जनाएको छ।

नगरपालिकाले यस्तो प्रतिबद्धता जनाए पनि रातु नदी र नदीउकास क्षेत्रमा उत्खनन नरोकिएको यस भेगका बासिन्दा बताउँछन्। “खै यी खोला खन्ने ठेकेदार र क्रसर सञ्चालकको तारतम्य कताकता जोडिएको छ, बुझ्नै गाह्रो !” बर्दिबास–१४ का बासिन्दा हरि दाहाल भन्छन्, “नगरप्रमुखले अनियन्त्रित उत्खनन रोक्ने प्रतिबद्धता जनाउनु भएपनि डोजर, एस्काभेटर चल्न छाडेका छैनन्।” कागजले चेतावनी दिएर मात्र नभई अनियन्त्रित उत्खनन गर्नेलाई कारबाई प्रक्रियामैं लगिए मात्र यो क्रम नियन्त्रण हुन सक्ने दाहालसहितका यस भेगका सर्वसाधारण बताउँछन्। जिल्लाका १५ स्थानीय तहमध्ये बर्दिबास, भङ्गाहा र गौशाला नगरपालिका क्षेत्रमा क्रसर सञ्चालन हुँदै आएका छन्।

## सिम्रौनगढ नगरपालिकाको बजेट प्रस्तुत

प्रस, सिम्रौनगढ, ७ असार/

सिम्रौनगढ नगरपालिकाको पाँचौं




नगरसभा सोमवारदेखि शुरू भएको छ। पाँचौं नगरसभाको उद्घाटन गर्दै नगरप्रमुख विजयशङ्कर यादवले आव २०७८/७९ को नीति तथा कार्यक्रमसहित रु ५३ करोड ९२ लाख ५८ हजारको बजेट प्रस्तुत गरे।

उनले चालूतर्फ ९ करोड, सशर्त २१ करोड ८ लाख, पूँजीगततर्फ २३ करोड ३ लाख ५८ हजारको बजेट प्रस्तुत गरेका थिए। उनले बजेटमा स्वास्थ्य, कृषि, पर्यटन, रोजगार, शिक्षा, खेलकूद, भौतिक विकास, विपद् व्यवस्थापनलगायतका विषय समेटिएको बताए।

उद्घाटन सत्रमा उपप्रमुख रीमादेवी कुशवाहा, प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रप्रसाद साह, लेखा अधिकृत सोमेन्द्र चौधरी, योजना प्रमुख जीतेन्द्र यादव, इप्रका सिम्रौनगढका प्रनि दीपक सुवेदी, सशस्त्र प्रनि विष्णु श्रेष्ठ, वडाध्यक्ष, वडासदस्यलगायतको सहभागिता थियो। कार्यक्रममा प्रशासकीय अधिकृत साहले स्वागत र योजना प्रमुख यादवले सहजीकरण गरेका थिए।

## गोप्य काम रोक्न युवा समाजको ज्ञापन

प्रस, पोखरिया, ७ असार/

पोखरिया युवा समाजले पोखरिया




नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोक कोइरालालाई ज्ञापनपत्र बुझाएको छ।

नगरपालिकाले विभिन्न पाँचवटा विकासका काम गोप्य तरीकाबाट गराइरहेको सूचनाको आधारमा सो कार्यमा रोक्का गरी यथार्थ विवरण सार्वजनिक गर्न माग गरेको छ।

पोखरिया नगरपालिका–४ जिल्ला अस्पतालमा रङ्गरोगन, सोही वडामा रहेको खानेपानी संस्थानमा स्टेन्ड सेड निर्माण, वडा नं ९ सेमरबारीचोकस्थित धर्मशालामा रङ्गरोगन, प्लास्टर र माटो पुर्ने काम, वडा नं २ लमरियामा वडा कार्यालय भवन निर्माण र पोखरिया नगरपालिकामा रहेको सामुदायिक विद्यालयहरूको लागि डेस्क–बेन्चको निर्माण काम गोप्य तरीकाबाट भइरहेको भन्दै समाजले सो काम रोक्न र यथार्थ विवरण सार्वजनिक गर्न माग गरेको हो।

प्रमुख प्रशासकीय अधिकृत कोइरालाले उक्त कार्यहरू आफू आउनुअगावै शुरू भएपनि आजदेखि रोक्का राखिएको र पाँच दिनभित्र सोसम्बन्धी सम्पूर्ण विवरण सार्वजनिक गर्ने आश्वासन दिए।

# डेल्टा भेरियन्टको परिवर्तित रूप फेला

काठमाडौं, ७ असार/रासस

नेपालमा कोभिड–१९ सङ्क्रमणको डेल्टा भेरियन्टको परिवर्तित रूप फेला परेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले भारतको नयाँ दिल्लीमा अनुवांशिक (जिन सिक्वेन्सिङ) गर्दा डेल्टा भेरियन्टको नयाँ रूप नौवटा नमूनामा फेला परेको जनाएको छ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले नमूना परीक्षणमा अणुवांशिक पहिचान गर्दा ४७ डेल्टा भेरियन्ट पुष्टि भएकामध्ये नौवटामा थप उत्परिवर्तन रूप K417N Mutation देखिएको बताए। यसलाई AY.1 नाम दिइएको छ।

उनका अनुसार यो नेपालसहित विभिन्न १० देशमा देखिएको छ। मन्त्रालयले गत वैशाख २६ देखि जेठ २० गतेसम्म देशका विभिन्न स्थानका विभिन्न उमेर समूहका व्यक्तिबाट पिसिआर नमूना राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले छनोट गरी परीक्षणका लागि भारत पठाएको थियो।

नेपालमा अहिलेसम्म अल्फा (B.1.1.7) र डेल्टा (B.1.617.2) तथा कप्पा (B.1.617.1) भेरियन्ट पुष्टि भएको छ।

डेल्टाको उत्परिवर्तन भेरियन्ट बढी सङ्क्रामक तथा सबै उमेर समूहका व्यक्तिमा असर गर्ने मन्त्रालयका प्रवक्ता डा कृष्ण पौडेलले जानकारी दिए। उनले यसअघि पनि नेपालमा देखिएको यो डेल्टा भेरियन्टको नयाँ रूप मात्र रहेको बताए। “यो नयाँ देखिएको भेटियन्ट होइन,” उनले भने, “यसअघि पनि देखिएको छ, तर यो अन्यभन्दा बढी सङ्क्रामक रहेको छ।”

मन्त्रालयले डेल्टा भेरियन्टको नयाँ रूपको सङ्क्रमण रोक्नका लागि सबै सचेत र जिम्मेवार बनी जनस्वास्थ्यका मापदण्ड पालना गर्नका लागि अपील गरेको छ।

# रौतहटमा पनि निषेधाज्ञा एक साता लम्बियो

प्रस, रौतहट, ७ असार/

रौतहट जिल्लामा निषेधाज्ञा असार १४ गते राति १२ बजेसम्मको लागि लम्ब्याइएको छ।

जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्र रौतहटको सोमवार बसेको बैठकले असार १४ गते राति १२ बजेसम्म पुनः एक साता निषेधाज्ञालाई निरन्तरता दिने सिफारिश गरेबमोजिम जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकार इन्द्रदेवप्रसाद यादवले जारी निषेधाज्ञालाई थप गर्दै असार १४ गतेसम्म पुऱ्याएका हुन्।

निषेधाज्ञा एक साताको लागि लम्ब्याइए पनि यसअघिभन्दा खुकुलो पारिएको छ। रौतहटमा सार्वजनिक यातायातसमेतलाई जोर–बिजोर प्रणालीमा सञ्चालनमा ल्याइएको छ। जिल्लाभित्र सार्वजनिक यातायात जोर–बिजोर प्रणालीमा सञ्चालन गर्न अनुमति दिइएको छ भने सबैखाले निजी सवारीसाधन जिल्लाभित्र सञ्चालन गर्न पाइनेछ।

खाद्य, औषधि र स्वास्थ्यसम्बन्धी पसलहरू नियमित सञ्चालन गर्न पाइनेछ भने मानिसको भीडभाड नहुनेगरी सरकारी, सार्वजनिक, निजी कार्यालय, निकायहरूले सेवाप्रवाह, कार्यालय सञ्चालन गर्ने गराउने र सोको उपयुक्त व्यवस्था सम्बन्धित कार्यालयका प्रमुखले मिलाउनुपर्ने व्यवस्था गरिएको छ।

औषधोपचार, अत्यावश्यक कामका लागि बाहेक घरबाट बाहिर निस्कन र हिंड्डुल गर्न पूर्ववत् निर्णय अनुसार रोक लगाइएको छ। सभा, सम्मेलन, गोष्ठी, तालीम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, हाटबजार, मनोरञ्जन स्थल, सैलुन, ब्युटीपार्लर, जिमखाना, समूहमा खेलिने खेलकूद, पुस्तकालय, सङ्ग्रहालय सञ्चालनमा रोक कायमै छ।

मालवाहक सवारीसाधन, सुरक्षा र स्वास्थ्य सेवा एवं सो सम्बद्ध कर्मचारीहरूले प्रयोग गर्ने सवारीसाधन, एम्बुलेन्स, दमकल, शववाहन, फोहोरमैला व्यवस्थापन, खाद्यान्न, फलफूल, पेट्रोलियम पदार्थ, पानी, कृषि उपज, तरकारी, दूधजन्य पदार्थ, पशुपक्षीको दानालगायत ढुवानीका सवारीसाधनहरू, आइसोलेशन एवं होल्डिङ सेन्टरको व्यवस्थापनमा प्रयोग हुने सवारीसाधन, अत्यावश्यक सेवा र कार्यमा प्रयोग हुने सवारीसाधन सञ्चालन गर्न पाइनेछ।

विकास निर्माणका कार्यहरू स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी सञ्चालन गर्न पाइने र निर्माण सामग्रीको ढुवानीको व्यवस्था मिलाइएको छ। गौर बजार यसअघि सञ्चालनमा आइसकेको छ।

होटल एवं रेन्टुराँहरूलाई खुला गर्न दिइएको छ तर होटल एवं रेस्टुराँ सञ्चालकले ग्राहकलाई सामान दिएर पठाउनुपर्ने र होम डिलिभरी गर्न पाउने मात्र व्यवस्था गरिएको छ। बसाएर खानपिन गर्न निषेध गरिएको छ।

उद्योग, कलकारखानाहरूले कर्मचारी एवं श्रमिकहरूलाई उद्योग परिसरभित्रै आवासीय प्रबन्ध गरी एवं स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी उद्योग सञ्चालन गर्न सक्ने व्यवस्था मिलाइएको छ। गौरको मुख्य नाकाबाहेकका भारतबाट जिल्ला प्रवेश गर्ने अन्य नाकाबाट सीमा वारपार आवागमनमा भने पूर्ववत् लगाइएको रोकलाई निरन्तरता दिइएको छ।

# कोरोना सङ्क्रमित वृद्धाको मृत्यु

प्रस, वीरगंज, ७ असार/

नारायणी अस्पताल वीरगंजमा एकजना कोभिड सङ्क्रमित वृद्धाको मृत्यु भएको छ।

अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले जीतपुरसिमरा उपमहानगरपालिका–१ निवासी ७२ वर्षीया महिलाको सोमवार बिहान ७:३० बजे मृत्यु भएको बताए। उनले पिसिआर परीक्षणबाट जेठ १८ गते सङ्क्रमित देखिएकी महिला जेठ २० गते अस्पताल भर्ना भएकी र आज उपचारको क्रममा मृत्यु भएको बताए। उनले कोरोनाविरुद्धको खोप लगाएकी थिइनन्।

यसैबीच, नारायणी अस्पतालको पिसिआर प्रयोगशालामा ३० जनाको स्वाब परीक्षण गरिएकोमा कोही पनि सङ्क्रमित पुष्टि नभएको डा सिंहले बताए।

# महानगरका दुई वडा पूर्ण खोप वडा घोषित

प्रस, वीरगंज, ७ असार/

वीरगंज महानगरपालिकाको वडा नं ८ र १३ सोमवार पूर्ण खोप वडा घोषणा भएका छन्। महानगरपालिकाको वडा नं ८ मा १६ महीनादेखि ३० महीनासम्मका कुल ५७ जना बालबालिकामध्ये खोप लगाउन १२ जना बाँकी रहेकामा उनीहरूलाई पनि सबै खोप लगाएपछि पूर्ण खोप वडा घोषणा गरिएको छ।

त्यस्तै, वडा नं १३ का १५ महीनामुनिका कुल १०९ बालबालिकामध्ये सबै बालबालिकालाई खोप लगाइसक्नुपर्नेमा ८० जनालाई मात्रै सबै खोप लगाइएको छ। बाँकी रहेका २९ जनालाई पनि खोप लगाएपछि पूर्ण खोप वडा घोषणा गरिएको छ।

सोमवार घोषणा गरिएको दुईवटा वडासहित अहिलेसम्म महानगरपालिकाका १६ वटा वडा पूर्ण खोप घोषणा भइसकेका वीरगंज महानगरपालिकाका स्वास्थ्य तथा सामाजिक विकास महाशाखा प्रमुख अरुणाकुमार महतोले बताए। महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले आज दुईवटै वडालाई पूर्ण खोप वडा घोषणा गरेका हुन्।

# काठ, साइकल बरामद, तस्कर फरार

प्रस, बिरुवागुठी, ७ असार/

छतिवन टाँडी रेन्जपोस्टनजीकैको वनबाट सालको रूख काटेर गोलिया बनाइ साइकलमा लगिरहेको अवस्थामा सुरक्षा गस्ती टोलीले गएराति दुई थान सालको गोलिया र साइकल बरामद गरेको छ। सबडिभिजन वन कार्यालय बडनिहार र छतिवनटाँडी रेन्जपोस्टको संयुक्त वन सुरक्षा गस्ती टोलीले दुई थान सालको गोलिया (१५ क्युफिट) बरामद गरेको हो। बरामद गरेको गोलिया र साइकल सबडिभिजन वन कार्यालय बडनिहारमा राखिएको जमदार अर्जुन चौधरीले बताए।

यसैगरी, सबडिभिजन वन कार्यालय रङ्गपुरको टोलीले आज बिहान दुई थान सालको गोलिया र दुई थान साइकल बरामद गरेको छ। रङ्गपुरनजीकैको वनबाट साइकलमा गोलिया ल्याइरहेको सूचनाको आधारमा जमदार प्रदीप तिमल्सिना कमान्डको टोलीले गोलिया र काठ बरामद गरेको हो। काठ तस्कर भने फरार छन्। बरामद सामान रङ्गपुरमा राखिएको जमदार तिमल्सिनाले बताए।

# मोटरसाइकल र काठ बरामद

प्रस, परवानीपुर, ७ असार/

पर्साको राष्ट्रिय वनबाट गएराति मोटरसाइकलबाट काठ तस्करी गरिरहेको अवस्थामा काठ र मोटरसाइकल बरामद गरिएको छ।

सबडिभिजन वन कार्यालय सबैयाको टोलीले गएराति करीब साढे ७ बजे ना.१०प २५७८ नम्बरको मोटरसाइकल र चिरान काठ १० थान बरामद गरेको सबडिभिजन वन कार्यालय सबैयाका फरेस्टर पुरुषोत्तम पटेलले जानकारी गराए। उनका अनुसार रतनपुर र बगहीबीचमा पर्ने रामजानकी मन्दिरनजीकै गस्ती टोलीलाई देखेर तस्करहरू काठ र मोटरसाइकल छाडेर भागेका थिए।

## वीरगंज–पथलैया राजमार्ग....

गण्डक सडकको भौतिक प्रगति ८० प्रतिशत र तीनवटा पुलको प्रगति ७५ प्रतिशत रहेको जनाइएको छ। यसैगरी, यस वर्षको बजेट भाषणमा पनि कोरोना महामारीले गर्दा निर्माण आयोजनामा असर परेकोले थप ६ महीना म्याद थप्न ठेकेदारले लबिङ गरिरहेको उनले बताए। सातवटा प्याकेजमा एमआर कन्टेक, पप्पु कन्स्ट्रक्शन, लुम्बिनी, दिवा, शर्मा, युनाइटेड, दिवा सपना, मृत सञ्जीवनी, इलाइट र एसबिएलगायत ठेकेदार कम्पनीले साझेदारीमा काम गरिरहेका छन्।

# योग भारतको सांस्कृतिक विरासत – विधायक सिन्हा

प्रस, रक्सौल, ७ असार/

रक्सौलका विधायक प्रमोद सिन्हाले योग भारतको सांस्कृतिक विरासत भएको बताएका छन्।

सोमवार अन्तर्राष्ट्रिय योग दिवसको




अवसरमा राजदेवी केसरिया भवनमा आयोजित कार्यक्रममा उनले योग सांस्कृतिक विरासत र प्राचीन परम्पराको अमूल्य धरोहर भएको बताए। योग अहिले विश्वको लागि भारतको अमूल्य उपहार भएको पनि उनले दाबी गरे।

विधायक सिन्हाले योग शरीर, मन र आत्मालाई नियन्त्रित गर्ने माध्यम भएको बताए। उनले योगले मनुष्य र प्रकृतिबीच सामञ्जस्य कायम गर्ने दाबी गरे।

कार्यक्रममा जिल्ला प्रभारी राजकुमार गुप्ता, युवा मोर्चा प्रदेश महामन्त्री जीतेन्द्र कुमार, जिल्ला प्रवक्ता सहसांसद प्रतिनिधि राजकिशोर राय, अतिपिछडा मोर्चा जिल्ला अध्यक्ष धर्मराज साह, नगर महामन्त्री रवि गुप्ता, कमलेश कुमार, देशबन्धु कुमार, राजकिशोर सिंह, रामजी, धीरज पटेल, रोहित दास, कन्हैया सिंहलगायतको सहभागिता थियो।

# ठोरीद्वारा छात्रवृत्ति वितरण

प्रस, ठोरी, ७ असार/

ठोरी गाउँपालिकाले प्राविधिक शिक्षा




छात्रवृत्ति वापतको रकम हस्तान्तण गर्दै गापा अध्यक्ष श्रेष्ठ। तस्वीर: प्रतीक

अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरेको छ।

विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा आकर्षित गराउने उद्देश्यले विभिन्न प्राविधिक विषयमा अध्ययनरत चारजना विद्यार्थीलाई गापाले छात्रवृत्ति प्रदान गरेको हो।

सोमवार एक कार्यक्रमबीच गापा अध्यक्ष पद्मलाल श्रेष्ठले बिएससी सीएसआइटी अध्ययनरत ठोरी गापा–३ का गौरवप्रताप श्रेष्ठ र बिएससी कृषि अध्ययनरत ठोरी गापा–४ का सागर तामाङलाई जनही रु १ लाख छात्रवृत्ति हस्तान्तरण गरे।

यसैगरी, अध्यक्ष श्रेष्ठले इन्जिनीयरिङ अध्ययनरत ठोरी गापा–१ का रिजन शर्मालाई प्रदान गर्ने निर्णय भएकोमा पूर्ण छात्रवृत्ति उनकी आमा गोकुलीकुमारी रेग्मीलाई हस्तान्तरण गरिएको थियो।

दीपनारायण आदर्श नमूना मावि, श्रीपुर, सखुवाप्रसौनीमा अध्ययनरत ठोरी गापा–१ का शर्मा र ठोरी गापा–३ का भुपेश जोशीलाई ३ वर्षे डिप्लोमा तहको सिभिल इन्जिनीयरिङ अध्ययन गर्न लाग्ने सम्पूर्ण शुल्क पालिकाले बेहोर्ने निर्णय भएको गापाका शिक्षा संयोजक भुपालकुमार जोशीले जानकारी दिए।

पालिकाभित्र रहेका सामुदायिक विद्यालयबाट एसइई उत्तीर्ण गरेका र ठोरीमा नै स्थायी ठेगाना भएका जेहेनदार विद्यार्थीलाई प्राविधिक शिक्षा अध्ययनमा आकर्षण बढाउने पालिकाको नीति अनुसार छात्रवृत्ति वितरण गरिएको गापा अध्यक्ष श्रेष्ठले बताए।

कार्यक्रममा वडाध्यक्षहरू सूर्य लामा, बईबहादुर पाख्रिन, प्रमुख प्रशासकीय अधिकृत कृष्णलाल श्रेष्ठ, पत्रकार खड्गबहादुर (प्रताप) श्रेष्ठलगायतको सहभागिता थियो।

# योग दिवस, योग शिक्षा शुरू

प्रस, वीरगंज, ७ असार/

‘योग गरौं स्वस्थ बनौं’ मूल नाराका




साथ माउन्ट एभरेस्ट युवा क्लब वीरगंजको आयोजनामा सोमवारदेखि अन्तर्राष्ट्रिय योग दिवस एवं योग शिक्षा शुरू भएको छ।

वेदमाता गायत्री शक्तिपीठ गायत्रीनगरमा आजदेखि शुरू भएको योग शिक्षाको उद्घाटन डा नीरज सिंहले गरेका थिए। कार्यक्रममा डा अनिल झा, वडा नं ३ का अध्यक्ष बैजु सर्राफलगायतको सहभागिता थियो। क्लबका अध्यक्ष रविकुमार कलवारको अध्यक्षतामा कार्यक्रम भएको थियो।

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

**वर्षातको समयमा बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपबाट ठूलो धनजनको क्षति हुन सक्दछ; त्यसैले**

- बाढी, पहिरो र भूक्षयको जोखिम हुने स्थानहरूमा बस्ती नबसालौं।
- वर्षात्को समयमा हुने बाढी, पहिरो जस्ता विपद् जोखिम स्थानहरूको पहिचान गरी सुसूचित गराऔं।
- स्थानीय आपत्कालीन केन्द्रहरूको स्थापना गरी उद्धार टोली र राहत सामग्रीको जोहो गरौं।
- विपद्को समयमा आपत्कालीन केन्द्रमा तुरुन्त खबर गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग